# ९. धर्मपुत्र ग्रहण

## क. मुख्य पदहरु

रोमी ६:१५-१८ | गलाती ४:५-७
रोमी ८:२३-२५ | एफिसी १:४-५

## ख. परिचय

चेलापनको मुख्य चुरो “कसैको स्वामित्वमा हुनु” भन्ने देखाउंछ. यो जीवनभरिको प्रतिबद्धता हो. चेलाले पछ्याएको व्यक्तिसित उसको जीवन जटिल रुपमा एकबद्धतामा गांसिएको छ. दुवैतिर छनौटको प्रावधान छ. गुरुले चेलाहरुको चयन गर्नुहुन्छ (यूहन्ना १५:१६) र उहाँको चयनप्रति हाम्रो प्रत्युत्तर कस्तो हुने हो सो हामी आफैंले निर्णय गर्नुपर्छ. येशूले हामीलाई चुन्नुभएको छ र यसको प्रत्युत्तर दिन हामीलाई आह्वान गर्नुभएको छ. उहाँको छनौटलाई स्वीकार गर्दै हामीले उहाँलाई पछ्याउनुपर्छ अथवा त्यसलाई तिरस्कार गर्दै उहाँलाई नपछ्याउने हामीले निधो गर्नुपर्छ. हामीले ख्रीष्टलाई प्रभु र उद्धारकर्ता ग्रहण गरिसकेपछि नयाँ जन्म पाउंछौं (यूहन्ना ३:५-६). नयाँ जन्मको चित्रण एउटा शक्तिशाली उपमा हो किनभने हामी ख्रीष्टकोमा आउंदा आत्मिक धरातलमा खास त्यही कुरा भएको हुन्छ. यो नयाँ शुरुवात हो: हामीलाई बन्धनमा राख्ने सबै पुराना नकारात्मक तत्वहरु पवित्र आत्माको सामर्थ्यद्वारा नाश गरिएका छन्. हाम्रा पापहरु क्षमा गरिएका छन र परमेश्वरसित हाम्रो एउटा नयाँ सम्बन्ध कायम भएको छ (२कोरिन्थी ५:१७)

## ग. धार्मिकता (Justification)

*“यसैकारण विश्वासबाट धर्मी ठहरिएर हाम्रा प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरसँग हाम्रो मिलाप भएको छ.”* (रोमी ५:१)

उद्धारको यो आधारभूत सिद्धान्त हो. न्यायाधीशरुपि परमेश्वरको अदालतमा हामीलाई उभ्याइएकोले यसको न्यायिक अर्थ छ. हाम्रो पापको कारण हामी दोषी साबित भएतापनि येशू ख्रीष्टमा भएको हाम्रो विश्वास मार्फत हामी निर्दोष ठहरिएका छौं. धार्मिकता भनेको “हामीले पहिला कहिल्यै पाप

नगरेको जस्तो" हो किनभने मैले पाउनुपर्ने दण्ड येशू ख्रीष्टले लिनु भएको छ (रोमी ८:१-२).

### घ. धर्मपुत्रग्रहण ग्रहण गरिनु भनेको के हो ?

धर्मपुत्र ग्रहण एउटा विचार हो जुन परमेश्वर पिताको स्नेहमय स्वरुपमा प्रकट भएको छ. हाम्रो साँचो पिताबाट हामीलाई पापले छुट्‌ट्याएको छ तर आफ्नो अनुग्रहमा परमेश्वरले आफ्नो घर परिवारमा हामीलाई स्वागत गर्नुभएको छ. हाम्रो मानव स्वभाव अनुसार हामी यसको लायक थिएनौं र यो ठाउँ हाम्रो थिएन पनि (१यूहन्ना ३:१). चेलापनको मुटु, अर्थात मुख्य रहस्य नै यही हो किनभने जोर जबर्जस्तीको कारण हामीले येशूलाई पछ्याएको नभएर प्रेमको कारण पछ्याएको कुरा यसले हामीलाई सम्झना गराउंछ. परमेश्वरको परिवारमा सम्मिलित हुनुको अनुभव र येशू ख्रीष्टमा एक हुन पाउनुको सौभाग्य पवित्रताको हाम्रो जीवनमा अगाडि बढ्नको निम्ति एउटा उत्साहवर्धक शक्ति हो. यो व्यवस्था होइन तर प्रेमले ख्रीष्टको निम्ति जिउन हामीलाई उत्प्रेरित गर्दछ. क्रिश्चियन जीवनमा एउटा व्यवस्था छ, तापनि मार्ने आत्मा भएका व्यवस्थाका अक्षरहरुमा नभएर जीवन र सामर्थ्य ल्याउनुहुने आत्माको व्यवस्था छ.

### ङ. हामी धर्मपुत्र हुनुको योजना

धर्मपुत्र ग्रहणको योजनाले हाम्रो स्वर्गीय पिताको मन कस्तो रहेछ सो हामी थाहा पाउँछौं. ख्रीष्टमा हामीलाई धर्मपुत्र बनाउने उहाँले पहिल्यै योजना बनाइसक्नु भएको थियो (एफिसी १:४-५). परमेश्वरको परिवारमा हामी सबैजना संयोगले जन्मेका होइनौं. संसार शुरु हुनुभन्दा अगाडि नै यो कुरा उहाँको हृदयमा थियो (भजन १३९:१३-१६, एफिसी २:१०). यसलाई हामीले राम्ररी बुझ्यौं भने हाम्रा थुप्रै बन्धनहरुबाट हामी स्वतन्त्र हुनेछौं. यसरी आफ्नो जन्माधिकार थाहा पाएकाहरुसित स्वतन्त्रतापूर्वक सँगै बस्न हामीलाई सघाऊ पुऱ्याउनेछ. कुनै मानव कुलबाट हाम्रो वंशावली आएको छैन. संसार शुरु हुनुभन्दा अगाडि येशू ख्रीष्टमा परमेश्वरको उद्देश्यबाट हाम्रो वंशको शुरुवात भएको छ. येशूमा हामी छानिएका छौं र यही श्रोतबाट उहाँमा भएको हाम्रो जीवनका सारा सामर्थ्य प्राप्त गर्दछौं.

## च. हामी धर्मपुत्र हुनुको सामर्थ्य

धर्मपुत्र ग्रहण गरिएको बालकले नयाँ नाम पाउंछ. उसले नयाँ मातापिताको नामलाई ग्रहण गर्दछ र उसको नयाँ परिवारका सबै फाइदा र सामर्थ्यहरु पनि उसले पाउँछ. ख्रीष्टमा हामी पनि त्यस्तै भएका छौं (१पत्रस २:१०). यूहन्नाको सुसमाचारको शुरुको अध्यायमा कुनै सामर्थ्य वा आफ्नै बलबुतामा हामी परमेश्वरको परिवारमा नआएको तथ्यमाथि जोड दिइएको छ. हामी स्वाभाविक रुपमा परमेश्वरको जीवन र परिवारदेखि बाहिर जन्मेका थियौं. "तर जतिले उहाँलाई ग्रहण गरे र उहाँको नाउंमाथि विश्वास गरे उहाँले तिनीहरुलाई परमेश्वरको सन्तान हुने अधिकार दिनुभयो. तिनीहरु रगतद्वारा, शारीरिक इच्छाद्वारा, र कुनै मान्छेको इच्छाद्वारा होइन तर परमेश्वरबाट उत्पन्न हुन्छन्." (यूहन्ना १:१२-१३). "अधिकार" शव्द ग्रीक exousia बाट अनुवाद गरिएको छ जसको अर्थ "अधिकार" वा "शक्ति" हुन्छ. यो एउटा (कसैमा) निहित अधिकार हो. यो अधिकार हाम्रो निम्ति येशू प्रभुको मृत्युद्वारा प्राप्त भएको छ र विश्वासद्वारा हामी प्रत्येकलाई दिइएको छ. यसद्वारा हामी परमेश्वरको परिवारमा भएका सबै अधिकार र सम्पत्तिमा सहभागी भएका छौं (गलाती ४:६).

वास्तवमा पवित्र आत्मालाई "पुत्रत्वको आत्मा" को रुपमा बयान गरिएको छ. हामी परमेश्वरको भएका छौं भन्ने सच्चाई र आश्वस्तता बारे हाम्रो हृदयमा निश्चयता गराउनु उहाँको काम हो. दैनिक रुपमा क्रिश्चियन जीवन जिउनुको आश्वस्तता एउटा मजबुत आधारशीलाझैं हुन्छ. यस्तो बल र सामर्थ्य हामी को हौं र कहाँका हौं भन्ने ज्ञानबाट प्राप्त हुन्छ.

## छ. धर्मपुत्र ग्रहणको उद्देश्य

पिताले हामीलाई आफ्नो धर्मपुत्र ग्रहण गर्नुको उद्देश्य "हामी उहाँको दृष्टिमा निष्खोट हुनको निम्ति" हो (एफिसी १:४). यसरी हामी उहाँको परिवारमा सहभागी हुनेमात्र नभएर हाम्रा काम र विचारमा पनि उहाँजस्तै हुनलाई हो ताकि हाम्रो जीवनबाट हामी स्वर्गीय पिताका सन्तान हौं भन्ने कुरा झल्किन सकोस. उहाँका प्रत्येक सन्तान विश्वासद्वारा उहाँलाई पछ्याएर पुत्रको स्वरुपको हुनको निम्ति परमेश्वरले येशूमा एउटा रुपरेखा तयार पार्नुभएको छ. हाम्रो जीवन यापन तथा पिताप्रतिको हाम्रो सबै प्रतिबद्धताहरुमा हामी येशूजस्तै भएको परमेश्वर चाहनुहुन्छ (रोमी ८:२९). हाम्रो व्यक्तिगत जीवनमा मात्र परमेश्वरले यस्तो इच्छा गर्नुभएको होइन, तर हाम्रो सामूहिक

जीवनमा पनि एउटा झुण्डको रुपमा खीष्टको सही स्वभाव प्रकट हुन सकोस भन्ने हेतुले हामीलाई उहाँले चुन्नुभएको हो (१पत्रस २:९).

## ज. धर्मपुत्र हुँदाको प्रतिज्ञा

उद्धार अहिलेलाई मात्र नभएर सदाकालका निम्ति हो भन्ने अपार प्रतिज्ञा हामीलाई राज्यको सन्तानको रुपमा ग्रहण गरेपछि प्राप्त भएको हो (रोमी ८:१७). हाम्रो पुत्रत्व अनन्तकालको लागि हो पछिसम्मको लागि हामीले यही प्रेरणा पाएका छौं. हामीले आफ्नो काम पूरा गरेपछि हाम्रो निम्ति धार्मिकताको मुकुट राखिएको छ. यही कुरा हाम्रो पवित्रताको पनि प्रेरणा साबित भएको छ (१यूहन्ना ३:२-३). नयाँ नियम अनुसार हामी सबै परमेश्वरका पुत्रहरु हौं, पुत्रीहरु हैन. खीष्टमा हाम्रो नयाँ जीवन मात्र नभएर नयाँ आशा पनि छ. हामी परमेश्वरको सन्तान मात्र नभएर पुत्रको रुपमा उहाँका सबै सम्पत्तिको हकवाला पनि भएका छौं.

## झ. हाम्रो धर्मपुत्रको सिद्धान्त

पिता र एउटा साँचो पुत्र बीचमा रहेको खुल्लापन (स्पष्टता) र भरोसाको साधारण सिद्धान्त दैनिक रुपमा हाम्रो जीवनमा लागू गर्नु हामी चेलाहरुको मुख्य काम भएको छ. येशूमा देखिएको सामर्थ्यको रहस्य नै उहाँको पितासँगको सम्बन्ध थियो. पहाडी उपदेशमा परमेश्वरको राज्यका केही रहस्यहरु आफ्ना चेलाहरुमा प्रकट गर्नुभएको थियो. उहाँले तिनीहरुलाई पितामा भर पर्न र उहाँको महिमा र इज्जतका निम्ति जिउन शिक्षा दिनुभएको थियो.

- पिताको महिमा गर (मत्ती ५:१६).
- पिताको नक्कल गर (मत्ती ५:४४-४५ र ४८).
- पितासँग बातचित गर (मत्ती ६:७-९).
- पितामाथि भरोसा गर (मत्ती ६:२५-२६).
- पितालाई खुशी पार (मत्ती ६:१७-१८).

## ञ. धर्मपुत्र ग्रहण गरिए बापतमा हाम्रो प्रत्युत्तर

हामीलाई धर्मपुत्र ग्रहण गरिए अनुसारकै जीवन हामी जिएको परमेश्वर चाहनुहुन्छ. सत्य जान्ने तर त्यस अनुसार नजिउने हो भने हाम्रो निम्ति सत्य वास्तविक भएको हुँदैन. यो सत्यलाई प्रभावकारी बनाउन हाम्रो दैनिक

जीवनमा आवश्यक सबैथोक पवित्र आत्माले हामीलाई दिनुभएको छ (२पत्रस १:३).

हाम्रो धर्मपुत्र ग्रहण बारेको एउटा अन्तिम तथ्य: परमेश्वरले हामीलाई टाढाको नातेदारको रुपमा हैन तर आफ्नै पुत्रको रुपमा व्यवहार गर्नुभएको छ. यसको अर्थ हो बेला-बेलामा उहाँको बाहुलीको अनुशासन हामीले हाम्रो जीवनमा थाहा गर्नेछौं. पुत्रको रुपमा हाम्रो जिम्मेवारीप्रति सचेत बनाउन उहाँले हामीलाई सुधार्नुहुन्छ (हिब्रु १२:७-११)

## ट. अन्तमा

विश्वासद्वारा हामी अब परमेश्वरको परिवारमा छौं. खीष्टको जीवन र सन्तहरुको उत्तराधिकारमा हामी सहभागी भएका छौं. पवित्र जीवन जिउन र हाम्रो जीवनमा परिवर्तन गर्ने पवित्र आत्माको सामर्थ्य हामीलाई गहन प्रेरणा प्रदान गर्न प्राप्त भएको छ र हामी कसका भएका छौं अब हामीलाई थाहा भएको छ. हाम्रो जीवनमा अब हामी उहाँको अनुशासन पिताको जस्तै जान्न पाएका छौं. त्यो भन्दा पनि अझ बढी त हाम्रो हृदयमा पिताको गहन र न्यानो प्रेमको अनुभूति गर्दै हामी जिउनेछौं (एफिसी १:३).

## ठ. प्रश्नहरु र छलफलका बुँदाहरु

१. परमेश्वर पिताले तपाईंलाई किन चुन्नुभयो ? छलफल गर्नुहोस्.

२. हामीलाई उहाँको पुत्र छानेपछि उहाँमा हाम्रो कस्तो प्रत्युत्तर हुनुपर्ने हो ?

३. यदि हाम्रो धर्मपुत्रत्व केवल संयोग होइन भने तपाईं जहाँ हुनुहुन्छ त्यहाँ परमेश्वरले तपाईंलाई किन राख्नुभएको हो ? तपाईं त्यहाँ रहेर परमेश्वरको निम्ति के गर्न सक्नुहुन्छ ?

४. परमेश्वरको परिवारमा आत्मिक धर्मपुत्रत्व र प्राकृतिक (स्वाभाविक) बीचको समानता र विभिन्नता बारे छलफल गर्नुहोस्.

५. हाम्रो जीवनमा हामीले भोगेका कुराहरु - हामी कहाँ गइरहेका छौं र खीष्टमा हाम्रो उद्देश्य के हो भन्ने सम्बन्धमा के परमेश्वरलाई थाहा छ ? यी सबैमा हाम्रो प्रत्युत्तर कस्तो हुनुपर्ने हो र हामी यी कुराहरुका निम्ति परमेश्वरमा विश्वास गर्नसक्छौं कि सक्दैनौ ?

६. हामी परमेश्वरका पुत्रहरु हौं त्यसकारण हामी उहाँको परिवारमा सामेल भएका छौं भनेर कसरी निश्चित हुनसक्छौं ?

७. परमेश्वरको पुत्रको रुपमा चेलापनको हाम्रो मुख्य ध्येय कस्तो हुनुपर्ने हो ?
८. परमेश्वरको पुत्रको धर्मपुत्रत्वमा हामीले कुन चाहिँ व्यवहारिक कुराहरु गरेर हाम्रो दैनिक जीवनमा प्रभाव पार्नसक्छौं ?

## ड. सारांश र प्रयोग

१. हामी स्वाभाविक तबरमा परिवारको नभएपनि हामीलाई पुत्रत्वको ठाउँ र परिस्थिति प्रदान गरिएको छ.
२. परमेश्वरको पुत्रजस्तो असल भएर हामी जिउनसक्छौं र येशू एकमात्र पुत्रलाई पछ्याउन सक्छौं तथा उहाँले गरेजस्तै हामी पनि गर्नसक्छौं. कसरी परमेश्वरको पुत्र हुने, जेठादाईका रुपमा येशूले हामीलाई एउटा सिद्ध उदाहरण दिनुभएको छ.
३. परमेश्वरद्वारा त्यतिको माया पाउनु हाम्रो निम्ति सौभाग्यको कुरा हो. सदाका निम्ति पुत्र हुन हामीलाई उहाँले चुन्नुभयो र यो नै हाम्रो प्रभु र उद्धारकर्ता येशू ख्रीष्टलाई प्रेम गर्नमा हाम्रो निम्ति प्रेरणा भएको हुनुपर्छ.
४. संसारको सृष्टि हुनु अघिदेखि परमेश्वरले हामीलाई जान्नुहुन्थ्यो. हामी उहाँका चुनिएका हौं र हाम्रो उद्देश्य के हुनुपर्छ सो उहाँ जान्नुहुन्थ्यो.
५. उहाँले हामीलाई केवल सतही तथा हल्का जीवन जिउनको निम्ति छोड्नुहुन्न. तर परमेश्वरको पुत्रजस्तै प्राप्त उत्तराधिकारमा राम्रोसित जिउन पवित्र आत्माद्वारा मदत गर्न उहाँ हामीकहाँ आउनुहुन्छ.